नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(.....प्रशासन.....शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं.: ४१०६७५७
टोल फ्रि नं.: १६६००१७५८८८
ईमेल: info@dos.gov.np

मिनभवन
काठमाडौ, नेपाल

पत्र संख्या:- २०८०/८१/१/११
प्राप्त पत्र संख्या:- .................
च.नं.:- १४५

मिति : २०८०/०५/१९

विषय :- निजामती सेवा दिवस, २०८० मनाउने सम्बन्धमा ।

श्री महाशाखा सबै ।
श्री नापी कार्यालय, सबै ।
श्री विशेष नापी कार्यालय, सबै ।
श्री डिजिटल नापी कार्यालय, बनेपा ।

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबारको प.स. १.१/प्र/२०८०/८१/१(१)६, च.नं २९०, मिति २०८०/०५/१३ को निजामती सेवा दिवस, २०८० मनाउने सम्बन्धी पत्रसाथ प्राप्त सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १९, मिति २०८०/०५/०५ को पत्र बमोजिम हरेक वर्ष भाद्र २२ गते मनाइदै आएको निजामती सेवा दिवसलाई यस वर्ष पनि विभिन्न कार्यक्रम आयोजना गरी सप्ताहव्यापी रुपम मनाउने सम्बन्धमा नेपाल सरकारका मुख्यसचिव डा. बैकुण्ठ अर्यालज्यूको अध्यक्षतामा मिति २०८०/०५/०४ मा बसेको नेपाल सरकारका सचिवज्यूहरुसमेतको बैठकको निर्णयको प्रतिलिपि पाना ४(चार) जानकारी एवम् आवश्यक कार्यान्वयनका लागि यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(अनन्तराज लामिछाने)
शाखा अधिकृत

बोधार्थ :

श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री योजना तथा जग्गा प्रशासन शाखा : MIS Unit, नापी विभाग ।
श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा upload गरिदिनुहुन ।

भूमि व्यवस्था
दर्ता नं.: ४६९
मिति: ८०।६।११

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन ४२००५०४, ४२००३९९, ४२००३०५
फ्याक्स नं. ४२००३२०

पत्र संख्या:- २०८०/८१

चलानी नं.:- १९

मिति २०८०।०५।०५

विषय : जानकारी तथा आवश्यक कार्यार्थ सम्बन्धमा।

श्री राष्ट्रपतिको कार्यालय, शितल निवास, महाराजगञ्ज ।
श्री उपराष्ट्रपतिको कार्यालय, लैनचौर ।
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबार, काठमाडौं।
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री खानेपानी मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार ।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबार
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार ।
श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री रक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार ।
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबार ।
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं ।
श्री संघीय संसद सचिवालय, सिंहदरबार, काठमाडौं ।
श्री सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं ।
श्री प्रदेश प्रमुखको कार्यालय, ७ वटै प्रदेश ।
श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं ।
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं ।
श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं ।
श्री लोक सेवा आयोग, अनामनगर, काठमाडौं ।
श्री निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं ।
श्री भाषा आयोग, शङ्खमूल, काठमाडौं ।
श्री राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाडौं।
श्री राष्ट्रिय महिला आयोग, भद्रकाली, काठमाडौं ।
श्री राष्ट्रिय दलित आयोग, जावलाखेल, ललितपुर ।
श्री राष्ट्रिय समावेशी आयोग, पुल्चोक, ललितपुर ।
श्री आदिवासी जनजाती आयोग, पुल्चोक, ललितपुर ।
श्री मधेशी आयोग, ज्वागल, ललितपुर ।
श्री थारु आयोग, अनामनगर, काठमाडौं ।
श्री मुस्लिम आयोग, जावलाखेल, ललितपुर ।
श्री राष्ट्रिय सूचना आयोग, अनामनगर, काठमाडौं ।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं ।
श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर ।
श्री नेपाल ट्रष्टको कार्यालय, लाजिम्पाट, काठमाडौं ।
श्री राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार, काठमाडौं ।
श्री सार्वजनिक खरिद अनुगमन कार्यालय ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहतका सबै निकायहरु ।

प्रस्तुत विषयमा विगतदेखि हरेक वर्ष भाद्र २२ गते मनाइदै आएको निजामती सेवा दिवस यस वर्ष पनि विभिन्न कार्यक्रम आयोजना गरी ससाहव्यापी रुपमा मनाउने सम्बन्धमा नेपाल सरकारका मुख्यसचिव डा. वैकुण्ठ अर्यालज्यूको अध्यक्षतामा मिति २०८०।०५।०४ मा बसेको नेपाल सरकारका सचिवज्यूहरुसमेतको बैठकको निर्णयको प्रतिलिपि जानकारी तथा आवश्यक कार्यार्थ पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

(कमल प्रसाद भट्टराई)
निमित्त सचिव

प्रशासन, सहकारी तथा गरिबी निवारण महाशाखा
भूमि व्यवस्थापन महाशाखा
योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा

प्र.प. ४६० / ५।११
प्र.प.प. ४६२ / ५।१२
२०८०।६।११

छलफलका विषय तथा निर्णयहरु :

(१) निजामती सेवा दिवस, २०८० को अवसरमा संघ, प्रदेश र स्थानीय तहहरुमा सप्ताहव्यापी रुपमा "व्यावसायिक र सिर्जनशिल प्रशासन : विकास, समृद्धि र सुशासन" भन्ने नाराका साथ विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाउने ।

(२) निजामती सेवा दिवस, २०८० का अवसरमा सञ्चालन हुने तपसिलका कार्यक्रमहरुलाई व्यवस्थित र मर्यादित तवरले सञ्चालन गर्न देहाय बमोजिम मूल समारोह समिति र उपसमितिहरु गठन गर्ने।

(क) <u>निजामती सेवा दिवस मुल समारोह समिति- २०८०</u>

| | |
|---|---|
| मुख्य सचिव, नेपाल सरकार | - अध्यक्ष |
| सचिवहरु (रा.प. विशिष्ट श्रेणी) सबै मन्त्रालय/आयोग/सचिवालय/कार्यालय/निकाय | - सदस्य |
| सचिव, सङ्घीय संसद सचिवालय | - सदस्य |
| अध्यक्ष, पुर्व कर्मचारी सेवा परिषद नेपाल | - सदस्य |
| अध्यक्ष, निजामती सेवाका क्रियाशिल राष्ट्रियस्तरका ट्रेड युनियनहरु | - सदस्य |
| सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य सचिव |

<u>मुल समारोह समितिको कार्य जिम्मेवारी (Terms of Reference)</u>

(अ) मूल समारोह समितिको सचिवालय मार्फत आवश्यकता अनुसार निजामती सेवा दिवस मुल समारोह समितिको बैठक बोलाउने । सो बैठकमा आवश्यकता अनुसार अन्य सम्बन्धित पदाधिकारीहरुलाई समेत आमन्त्रण गर्न सक्ने।

(आ) उपसमितिहरुको कार्यक्रम स्वीकृत गर्ने ।

(इ) उपसमितिहरुको कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने ।

(ई) आवश्यक ठानेका अन्य कार्यहरु गर्ने।

(ख) <u>निजामती सेवा दिवस कार्यक्रम संयोजन उपसमितिः</u>

| | |
|---|---|
| सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - संयोजक |
| सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्याललय | - सदस्य |
| सहसचिव, गृह मन्त्रालय | - सदस्य |
| सहसचिव, अर्थ मन्त्रालय | - सदस्य |

सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सदस्य

सहसचिव, युवा तथा खेलकूद मन्त्रालय - सदस्य

सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य

सहसचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य

अध्यक्ष वा प्रतिनिधि, पुर्व कर्मचारी सेवा परिषद् - सदस्य

अध्यक्ष, निजामती सेवाका क्रियाशिल राष्ट्रियस्तरका ट्रेड युनियनहरु - सदस्य

सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य-सचिव

<u>कार्यक्रम संयोजन उपसमितिको कार्यक्षेत्रगत शर्त (Terms of Reference)</u>

(i) निजामती सेवा दिवस मनाउने सन्दर्भमा निजामती सेवा दिवस मुल समारोह समितिबाट भएका निर्णय एवम् निर्देशन बमोजिमका कार्यक्रमहरुको कार्ययोजना तयार गरी मुल समारोह समितिको स्वीकृति लिई कार्यान्वयन गर्ने, गराउने।

(ii) निजामती सेवा दिवस, २०८० मुल समारोहको व्यवस्थापन गर्ने ।

(iii) निजामती कर्मचारीको हकहित र कल्याणका सम्बन्धमा सरोकारवाला र ट्रेड युनियनसमेतको सहभागितामा अन्तरक्रिया गर्ने ।

(iv) निजामती सेवा पुरस्कार, २०८० वितरणको आवश्यक व्यवस्थापन गर्ने, गराउने।

(v) निजामती सेवा दिवस, २०८० मा घोषणा भएका पुरस्कारको प्रमाणपत्र तयार गरी मूल समारोहमा वितरणको प्रवन्ध गर्ने, गराउने।

(vi) सातै प्रदेश र सबै जिल्लाहरुमा स्थानीय तह समेतको सहभागितामा नवप्रवर्तनीय कार्यक्रम समावेश गरी निजामती सेवा दिवस भव्य रुपमा मनाउन परिपत्र गर्ने गराउने।

(vii) मिति २०८० भाद्र २२ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा निजामती सेवा दिवस-२०८० विशेषाङ्क प्रकाशित गर्ने।

(viii) निजामती सेवा दिवस मुल समारोह समितिबाट भएका निर्णय तथा निर्देशन बमोजिम अन्य आवश्यक कार्यहरु गर्ने, गराउने।

(ix) निजामती सेवा दिवस, २०८० कार्यक्रमको प्रतिवेदन तयार गरी मूल समारोह समितिमा पेश गर्ने ।

(x) उपसमितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिने।

(ऋ) यस उपसमितिका कार्यक्रमहरुको संयोजन र व्यवस्थापन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले गर्ने । सो कार्यको लागि आवश्यक पर्ने बजेट कार्यालयले आफ्नो नियमित बजेटबाट नै मिलाउने।

<u>(घ) रक्तदान तथा स्वास्थ्य कार्यक्रम उपसमितिः</u>

सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - संयोजक

सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

सहसचिव, गृह मन्त्रालय - सदस्य

सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

सहसचिव, भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय - सदस्य

अध्यक्ष वा प्रतिनिधि, निजामती सेवाका क्रियाशिल राष्ट्रियस्तरका ट्रेड युनियनहरु - सदस्य

सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय -सदस्य-सचिव

<u>रक्तदान तथा स्वास्थ्य कार्यक्रम उपसमितिको कार्यक्षेत्रगत शर्त (Terms of Reference)</u>

(अ) निजामती कर्मचारीको सहभागितामा वृहत रक्तदान कार्यक्रम सञ्चालन गर्ने गराउने।

(आ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नेतृत्वमा निजामती कर्मचारी अस्पताल, विभिन्न सरकारी अस्पताल र नेपाल रेडक्रस सोसाइटीसँग समन्वय गरी विभिन्न स्थानहरुमा नि:शुल्क स्वास्थ्य शिविर र वृहत रक्तदान कार्यक्रम आयोजना गर्ने।

(इ) रक्तदान गर्ने रक्तदातालाई प्रमाणपत्र वितरणको व्यवस्था गर्ने।

(ई) रक्तदाता कर्मचारीहरुको अभिलेख अद्यावधिक गरी मुल समारोह समिति समक्ष पेश गर्ने।

(उ) उपसमितिको प्रतिवेदन तयार गरी कार्यक्रम संयोजन उपसमितिलाई उपलब्ध गराउने ।

(ऊ) उपसमितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिने ।

(ऋ) यस उपसमितिका कार्यक्रमहरुमध्ये नि:शुल्क स्वास्थ्य शिविरको स्रोत व्यवस्थापन निजामती कर्मचारी अस्पताल, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्य साझेदार निकाय र रक्तदान कार्यक्रमको व्यवस्थापन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्ने ।

<u>(ङ) खेलकूद व्यवस्थापन उपसमितिः</u>

सचिव, युवा तथा खेलकूद मन्त्रालय - संयोजक

(xi) यस उपसमितिका कार्यक्रमहरुको संयोजन र व्यवस्थापन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्ने । सो कार्यको लागि आवश्यक पर्ने बजेट मन्त्रालयले आफ्नो नियमित बजेटबाट नै मिलाउने।

(ग) अतिरिक्त क्रियाकलाप उपसमितिः

| | |
|---|---|
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - संयोजक |
| सह-रजिष्ट्रार, सर्वोच्च अदालत | - सदस्य |
| सहसचिव, गृह मन्त्रालय | - सदस्य |
| सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| सहसचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग | - सदस्य |
| सहसचिव, लोक सेवा आयोग | - सदस्य |
| सहसचिव, सहरी विकास मन्त्रालय | - सदस्य |
| सहसचिव, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| सहसचिव, अर्थ मन्त्रालय | - सदस्य |
| अध्यक्ष /प्रतिनिधि, निजामती सेवाका क्रियाशिल राष्ट्रियस्तरका ट्रेड युनियनहरु | - सदस्य |
| सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य-सचिव |

अतिरिक्त क्रियाकलाप उपसमितिको कार्यक्षेत्रगत शर्त (Terms of Reference)

(अ) माइतीघर मण्डलामा सामूहिक दीपावली कार्यक्रम र व्यक्तिगत रुपमा हरेक कर्मचारीले आआफ्नो घरमा २२ गते दीपावली गर्ने, गराउने ।

(आ) निजामती सेवा दिवसको प्रचार प्रसार गर्ने, गराउने।

(इ) संचार तथा सूचना प्रविधि मन्त्रालयको सहकार्यमा सबै मन्त्रालयमा एकिकृत कार्य सञ्चालन प्रणाली कार्यान्वयनमा ल्याउने ।

(ई) निजामती कर्मचारी कल्याणकारी कोषको आवश्यकता र औचित्यताको सन्दर्भमा नीति निर्माता र सरोकारवालाको सहभागितामा अन्तर्क्रिया कार्यक्रम गर्ने ।

(उ) उपसमितिको प्रतिवेदन तयार गरी कार्यक्रम संयोजन उपसमितिलाई उपलव्ध गराउने ।

(ऊ) उपसमितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिने ।

| | |
|---|---|
| सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | - सदस्य |
| सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| अध्यक्ष वा प्रतिनिधि, निजामती सेवाका क्रियाशिल राष्ट्रियस्तरका ट्रेड युनियनहरु | - सदस्य |
| सहसचिव, युवा तथा खेलकूद मन्त्रालय | - सदस्य-सचिव |

<u>खेलकूद उपसमितिको कार्यजिम्मेवारी (Terms of Reference)</u>

१) सचिव ११ र ट्रेड यूनियनबीच मैत्रीपूर्ण फुटवल वा अन्य कुनै खेलकूद कार्यक्रम आयोजना गर्ने ।

२) उपसमितिको प्रतिवेदन तयार गरी कार्यक्रम संयोजन उपसमितिलाई उपलव्ध गराउने ।

३) उपसमितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिने ।

४) यस उपसमितिका कार्यक्रमहरुको संयोजन र व्यवस्थापन युवा तथा खेलकूद मन्त्रालयले गर्ने । सो कार्यको लागि आवश्यक पर्ने बजेट मन्त्रालयले आफ्नो नियमित बजेटबाट नै मिलाउने ।

(च) <u>बृक्षारोपण व्यवस्थापन उपसमिति</u>

| | |
|---|---|
| सचिव, वन तथा वातावरण मन्त्रालय | - संयोजक |
| सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | - सदस्य |
| सहसचिव, गृह मन्त्रालय | - सदस्य |
| सहसचिव, कृषि तथा पशुपन्छी मन्त्रालय | - सदस्य |
| सहसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| सहसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | - सदस्य |
| अध्यक्ष वा प्रतिनिधि, पूर्व कर्मचारी सेवा परिषद नेपाल | - सदस्य |
| अध्यक्ष वा प्रतिनिधि, निजामती सेवाका क्रियाशिल राष्ट्रियस्तरका ट्रेड युनियनहरु | - सदस्य |
| सहसचिव, वन तथा वातावरण मन्त्रालय | -सदस्य-सचिव |

<u>बृक्षारोपण व्यवस्थापन उपसमितिको कार्यक्षेत्रगत शर्त (Terms of Reference)</u>

१) यसपूर्व बृक्षारोपण गरिएका वृक्षहरुको आगामी रेखदेखको जिम्मा सम्बन्धित स्थानीय तहबाट हुने व्यवस्था गर्ने गराउने।

२) बृक्षारोपण गर्ने स्थान पहिचान गरी वृक्षारोपण कार्यक्रम आयोजना गर्ने । सो कार्यको लागि आवश्यक पर्ने बजेट सम्बन्धित निकायले आफ्नो नियमित बजेटबाट नै व्यवस्थापन गर्ने ।

३) उपसमितिको प्रतिवेदन तयार गरी कार्यक्रम संयोजक उपसमितिलाई उपलब्ध गराउने ।

४) उपसमितिको बैठकमा आवश्यकता अनुसार अन्य पदाधिकारीहरुलाई आमन्त्रण गर्न सकिने।

५) यस उपसमितिका कार्यक्रमहरुको संयोजन र व्यवस्थापन वन तथा वातावरण मन्त्रालयले गर्ने । सो कार्यको लागि आवश्यक पर्ने बजेट मन्त्रालयले आफ्नो नियमित बजेटबाट नै मिलाउने ।

(३) उल्लेखित विभिन्न उपसमितिले कार्यक्रमको मिति, समय र स्थान तय गर्नुपूर्व कार्यक्रम संयोजन उपसमितिसँग समन्वय गर्नु पर्ने ।

(४) प्रदेश, जिल्ला तथा स्थानीय तहमा सरसफाई, बृक्षारोपण लगायतका विविध नवप्रवर्तनीय कार्यक्रम आयोजना गरी निजामती सेवा दिवस, २०८० मनाउन प्रदेश सरकारका प्रमुख सचिव एवम् प्रमुख जिल्ला अधिकारीहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत पत्राचार गर्ने। प्रदेश, जिल्ला तथा स्थानीय तहले आयोजित दिवस कार्यक्रमको प्रतिवेदन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई उपलब्ध गराउने ।

(५) निजामती सेवा दिवस, २०८० को अवसर पारेर प्रत्येक मन्त्रालय, सचिवालय, आयोग तथा विभाग र अन्तरगतका कार्यालयका साथै प्रदेश जिल्ला र स्थानीय तहहरुले कम्तिमा एउटा नवप्रवर्तनीय (INNOVATIVE) कार्यको शुरुवात गर्ने गराउने ।सोको जानकारी समेत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पठाउने ।

(६) निजामती सेवा दिवस, २०८० को अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा २०८० भाद्र २२ गते विहान ८:०० वजेदेखि १०:३० बजेसम्म काठमाडौंमा विशेष कार्यकम आयोजना गर्ने ।